# नेपाल गजेट

## नेपाल सरकारद्धारा प्रकाशित

खराड १ ] काठमाडौं माघ २१ गते ०८ साल [ संख्या २६

### भाग १

### गृहमन्त्रालयको सूचना

सरकारबाट निजामतीअड्डा संगठन समिति गठन भएको छ। यस समितिको अध्यक्ष्य माननीय श्रीप्रधानमन्त्रीजी हुनुहुन्छ। यसका सदस्य स. गुञ्जमान र अन्य गैर सरकारी सदस्यहरूको नाम यस प्रकार छ।

१. काजी माणिकलाल।

२. स. भूपध्वज।

३. मी. सु. भैरवराज।

यस समितिको पहिलो बैठक चाँडै नै हुने भएको छ।

### गृहमन्त्रालयको विज्ञप्ति

०८।१०।६।४

मन्त्रिमण्डलको निर्णयबमोजिम काठमाडौं सिनेमाभवन भाडामा दिइने छ। १ वर्षको लागि निम्न लिखित शर्तहरूमा भाडामा लिन मनसुवा गर्ने व्यक्तिहरूले सेक्युरिटी डिपोजिटको रूपमा दिने भाडाको किटानी अंकको सयकडा दश नोट सहित ( टेंडर नलाग्नेको चाँहि फिर्ता हुनेछ ) टेंडर लाहाको छाप मारेको बन्दी-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

खाममा बाहिरपट्टि का. सि. भ. को टेंडर लेखी सेक्रेटरी गृहमन्त्रालय, सिंहदरबार, नेपालछेउ पठाउनुहोला। त्यो टेंडर आजको ५० दिनभित्रमा पुग्ने गरी हुलाकद्वारा प्रेषित गर्नुहोला। उक्त ५० दिनको भोलिपल्ट दिनको १ बजे, बिदा परेमा त्यसको भोलिपल्ट सोही समयमा, टेंडरका बन्दीखाममा टेंडरवालाहरुको समक्ष खोलिने हुँदा वहाँहरु सो मौकामा आफैं वा वारीस उपस्थित हुनुपर्दछ, पर्खिनेछैन।

**शर्तहरु**

[ १ ] भाडा पहिले नै एकमुष्ट बुझाउनुपर्दछ।

[ २ ] विलासकर सयकडा २५ दिनुपर्ने।

[ ३ ] ~~प्रोजेक्टर बेकाइदासँग चलाई बिग्री राम्रो काम नदिने भएमा त्यसको परल मोलमा सयकडा १६ घटाई भाडामा लिनेले खरीद गर्न कर लाग्दछ।~~ सो मोल अगावै डिपोजिट राख्नुपर्छ।

[ ४ ] कामदारहरुको तलब भाडामा लिनेले दिनुपर्दछ।

[ ५ ] बिजुलीको करेंटको महसूल भाडामा लिनेले नै तिर्ने।

[ ६ ] प्रोजेक्टरका पाटपुर्जा र अरु माल सामानको मरम्मत र खरीद तथा भवनको टालटुल भाडा लिनेले नै आफ्नै तर्फबाट खर्च लगाई गर्नुपर्ने।

[ ७ ] सिनेमाभवन सुव्यवस्थापूर्वक नचलाएमा सेक्युरिटी डिपोजिट जफत गरी कबूलियत रद्दी गरी सरकारले नै सिनेमा चलाउनेछ। भाडामा लिनेको कौनै किसिमको दाबा उजुर लाग्नेछैन।

[ ८ ] उपरोक्त डिपोजिटहरु शर्तबमोजिम सिनेमाको काम चालु गरिसकेपछि फिर्ता पाउने हुँदा नेपाल ब्यांकमा राखिनेछ र आउने ब्याज भाडामा लिनेले पाउनुहुनेछ।

[ ९ ] टेंडरको स्वीकारको अधिकार सरकारमा हुनेछ।

[१०] उक्त सिनेमाभवनको हाताभित्र रहेको पसलको हकमा अर्कै इन्तजाम भएको छ।

---

गोरखापत्र छापखानाबाट प्रकाशित

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।